**निर्णय नं. १**

भूउपयोग नियमावली २०७९ को नियम ५ बमोजिम यस भरतपुर महानगरपालिका क्षेत्र भित्रको भूउपयोग क्षेत्र वर्गीकरण गर्न भूउपयोग नियमावली २०७९ को नियम ४ को उपनियम (३) बमोजिम यस महानगरपालिकालाई प्राप्त भएको नक्सा तथा विवरणमा महानगरको स्थानीय आवस्यकता, नियम ८ मा उल्लेखित भूउपयोग क्षेत्र वर्गीकरण गर्ने आधार तथा मापदण्ड र क्षेत्रफल समेतलाई आधार मानी आवस्यकता र औचित्यताको आधारमा भूउपयोग नियमावली २०७९ को अनुसूचि १ बमोजिम सरोकारवालासँग छलफल तथा परामर्श गरी विज्ञको सहयोग लिइ भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१ को दफा २३ बमोजिम भूउपयोग क्षेत्र वर्गीकरणको लागि परिमार्जित आधार तथा मापदण्डको आधारमा तयार गरिएको भूउपयोग क्षेत्र वर्गीकरण नक्सा स्थानीय भूउपयोग कार्यान्वयन समिति तथा स्थानीय भूउपयोग परिषद्को संयूक्त बैठकमा पेश भएको र सो माथि छलफल गर्दा पेश भएको तपसिल बमोजिमको आधार तथा मापदण्ड र सो को आधारमा बनेको भूउपयोग क्षेत्र वर्गीकरण नक्सा स्वीकृत गर्ने निर्णय गरियो ।

## तपसिल

**१. सार्वजनिक उपयोगको क्षेत्र**

- विभिन्न किसिमका यातायात पूर्वाधार (जस्तै बसपार्क, कार पार्क, सडक पेटी, सडक, बाटो, रेल्वे, पुल, विमानस्थल, केवलकार, सुख्खा बन्दरगाह, रज्जुमार्ग, जलमार्ग) सार्वजनिक रुपमा उपयोग हुने क्षेत्रले ओगटेको क्षेत्र,
- दुरसंचार, विद्युतीय प्रसारण लाईन, खानेपानीको पूर्वाधार, सिंचाईको पूर्वाधारले ओगटेको क्षेत्र
- शहरी क्षेत्रको खुल्ला हरित क्षेत्र, बगैंचा, पार्क, चिडियाखाना, पिकनिक स्पट, खेल पूर्वाधार तथा मैदान लगायत रहेको सार्वजनिक स्थल
- सार्वजनिक आवागमन हुने प्राकृतिक वा मानव निर्मित सम्पदा वा पूर्वाधार रहेको स्थल र सोले चर्चेको जग्गा
- सार्वजनिक रुपमा उपयोग हुने मनोरञ्जन स्थल, चौर, फाँट, पाटी, पौवा, चौतारा, टुंडिखेल, हाटबजार लाग्ने स्थल, अन्त्यष्टि स्थल, फोहोर व्यवस्थापन स्थल, सार्वजनिक सौचालय लगायत सोले चर्चेको जग्गा
- सरकारी, सार्वजनिक र सामुदायिक विद्यालय, विश्वविद्यालय, छात्रावास, पुस्तकालय, वाचनालय लगायत शिक्षण संस्थाले चर्चेको जग्गा
- सरकारी, सार्वजनिक र सामुदायिक स्वास्थ्य संस्था वा सो ले चर्चेको क्षेत्र
- वृद्धाश्रम, बालगृह, महिला संरक्षण केन्द्रले चर्चेको जग्गा
- गौचरण, गौशालाले चर्चेको जग्गा
- ईनार, कुवाले चर्चेको जग्गा
- भरतपुर महानगरपालिकाको सार्वजनिक जग्गा संरक्षण समिति बाट अभिलेख भएको सम्पूर्ण जग्गाहरु

*द्रष्टब्यः सार्वजनिक जग्गामा व्यक्तिगत, सरकारी तथा सामुदायिक अतिक्रमण भई अन्य उपयोग भएको अवस्थामा सो जग्गालाई सार्वजनिक क्षेत्र जनाई कैफियत महलमा सोहि जनाउने*

**२. नदी, खोला, ताल, सिमसार क्षेत्र**

- नदी, खोला तथा सोको जलप्रवाहको क्षेत्र, किनारा, डिल र बगर क्षेत्र समेत,

- साविकको नदी वा खोला बगेको र हाल नदी, खोला उकास भइ बगर वा ढुंग्यान कायम रहेको क्षेत्र,
- नहर तथा सोको डिल,
- प्राकृतिक ताल, पोखरी तथा सोको डिल,
- बग्ने पानी नभए पनि पानी जमेको वा जम्ने सम्भावना भएको सिमसार वा रामसार क्षेत्र

*द्रष्टब्यः साविकको धार छोडेर हाल व्यक्तिगत, सामुदायिक, संस्थागत वा सार्वजनिक स्वमित्वमा रहेको जग्गामा बगेको नदी, खोला तथा सोको जलप्रवाहको क्षेत्रलाई कृषि क्षेत्रमा राखी कैफियत महलमा "पानी बगेको जनाउने"*

**३. खानी तथा खनिज क्षेत्रः**

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह बाट स्वीकृति प्राप्त गरी खनिजजन्य पदार्थ तथा ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्ने क्षेत्र
- खानी तथा खनिज पदार्थ उत्खनन भईरहेको वा भईसकेको र हाल खाली रहेको क्षेत्र
- जमिन मुनि विभिन्न किसिमका खनिजपदार्थ (पेट्रोलियम पदार्थ, ग्यास, सुन, चाँदी वा अन्य बहुमुल्य धातु ) फेला परेको क्षेत्र
- प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनले छुट्याइएको क्षेत्र

**४. वन क्षेत्रः**

- पूर्ण वा आंशिक रुपले रुख तथा वनस्पतिले ढाकिएको जग्गा,
- सरकारी, सामुदायिक, कबुलियती, धार्मिक लगायत सबै प्रकारका वनजंगल रहेको जग्गा,
- रुख तथा बनस्पति नभएको भएता पनि अन्य प्रयोजनको रुपमा वर्गीकरण नभएको झाडी, बुट्यान आदि भएको जग्गा,
- प्राकृतिक चरन, राष्ट्रिय निकुन्ज, बन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र (रुख, झाडी, बुट्यान भएको क्षेत्र मात्र) तथा संरक्षित क्षेत्र रहेको जग्गा,
- पानीको मुहानलाई संरक्षण गर्न हुर्काइएको रुख तथा बनस्पतिले ढाकेको सरकारी वा सार्वजनिक जग्गा,
- नदी उकासबाट प्राप्त गरी निजी जग्गा बाहेकका बन क्षेत्रका लागि तोकिएको जग्गा र प्रचलित बन सम्बन्धी कानून बमोजिम बन क्षेत्र जनिएको जग्गा
- वनस्पति वृक्षारोपण गरिएका सरकारी वा सार्वजनिक जग्गा
- प्रचलित बन सम्बन्धी कानून बमोजिम बन क्षेत्र भनिए तोकिएको जग्गा

**५. साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रः**

- विभिन्न समुदायले धार्मिक, साँस्कृतिक वा परम्परागत रुपमा पूजा, अर्चना वा उपासना गर्ने स्थल,
- विश्व सम्पदा सूचीमा रहेका ऐतिहासिक, धार्मिक, संस्कृतिक क्षेत्र,
- विभिन्न ऐतिहासिक दरबार, भबन, किल्ला, गढी, स्तम्भ, ढाँचा, निर्माण वा अन्य स्थल,
- नेपाल सरकारले पुरातात्विक महत्वको भनी परिभाषित गरेको वा संरक्षण गर्ने भनी तोकेको क्षेत्र

६. **औद्योगिक क्षेत्रः**

- कुनै वस्तु वा कच्चा पदार्थ उत्पादन गर्ने उद्योग वा वर्कशप रहेको स्थल, सो प्रयोजनको लागि निर्माण भएको घर वा टहरा तथा उद्योग संचालनको लागि प्रयोग भएको जग्गा,
- खाद्यान्न प्रशोधन, उपभोग्य बस्तु, पेय पदार्थ उत्पादन तथा प्रशोधन स्थल तथा सो प्रयोजनका लागि छुट्याइएको जग्गा,
- विभिन्न मेसिनरी औजार, यन्त्र उपकरण, सवारी साधन निर्माणस्थल, तथा सो को लागि छुट्याइएको जग्गा,
- कपडा तथा पोशाक उत्पादन स्थल तथा सो प्रयोजनका लागि छुट्याइएको जग्गा,
- सजावट सामग्री, निर्माण सामग्री, काष्ठजन्य उद्योग संचालनमा रहेको स्थल तथा सो प्रयोजनका लागि छुट्याइएको जग्गा,
- कुनै उद्योग संचालन तथा रेखदेख गर्न आवश्यक घर टहरा तथा वर्कशपले चर्चेको जग्गा तथा कच्चा पदार्थ भण्डारण गर्न उपयोग गरिएको जग्गा,
- उद्योगबाट उत्पादित फोहोरजन्य पदार्थको बिसर्जन गर्ने प्रयोजनका लागि प्रयोग भएको जग्गा
- नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाग्मति प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भइ काम भइरहेको २० र २१ नं. वार्ड मा रहेको उद्योगग्राम, हाल संचालनमा रहेका उद्योग रहेका जग्गाहरु तथा अन्य उद्योगका लागि प्रस्तावित क्षेत्र

७. **व्यावसायिक क्षेत्र**

- पुल्चोकदेखि गोन्द्राङ्गसम्म र बाइपास सडकको सडक अधिकार क्षेत्र सिमानाबाट १०० मि दायाँ बायाँ पर्ने जग्गाहरु
- वडा नं १-५, ७ -१२ मा प्रमुख सडकसंग (१६ मिटर र सो भन्दा बढी सडक अधिकार क्षेत्र भएका) जोडिएको ५० मिटर सम्मको क्षेत्र
- वडा नं ६, १३-२९ को क श्रेणीको बजार क्षेत्र रहेको केन्द्र विन्दुबाट सडकको लम्बाइ तर्फ २००/२०० मि. सम्म र चौडाईतर्फ सडक अधिकार क्षेत्र छोडेर ५० मिटर दायाँ बायाँ भित्र पर्ने क्षेत्र ।
- वडा नं ६, १३-२९ को ख श्रेणी बजार क्षेत्र रहेको केन्द्र विन्दुबाट सडकको लम्बाइ तर्फ १००/१०० मि. सम्म र चौडाईतर्फ सडक अधिकार क्षेत्र छोडेर ५० मिटर दायाँ बायाँ भित्र पर्ने क्षेत्र ।
- वडा नं ६, १३-२९ को ग श्रेणी बजार क्षेत्र रहेको केन्द्र विन्दुबाट सडकको लम्बाइ तर्फ ५०/५० मि. सम्म र सडक अधिकार क्षेत्र छोडेर ५० मि दायाँ बायाँ भित्र पर्ने क्षेत्र ।
- स्थानीय आवस्यकतालाई मध्यनजर गर्दै कित्ताको क्षेत्रफल पाँच हजार वर्ग मिटर भन्दा बढी भएको कित्ता जग्गा भएता पनि हाल व्यवसायीक भवन निर्माण भइ व्यवसाय भइरहेको जग्गाको हकमा व्यवसायीक घर, टहरा, ग्यारेज, आँगन ले चर्चेको न्यूनतम सेटव्याक समेतको जग्गा
- नारायणी र रासी नदी किनारबाट ३० मि. सेटब्याक छोडी ३०० मिटर भित्र सम्मको क्षेत्र - पर्यटन व्यवसाय क्षेत्र
- हाल चलन चल्तीमा रहेका सम्पूर्ण पसल, बैंक तथा वित्तीय संस्था, होटेल,पार्टी प्यालेस , रिसोर्ट हाटबजार लाग्ने स्थल, पर्यटकीय गतिविधि हुने क्षेत्र, गोदाम तथा भण्डारण, पेट्रोलपम्प, निजी क्षेत्रबाट संचालन भएका अस्पताल लगायतका स्वास्थ्य केन्द्र तथा शैक्षिक संस्था र सो ले चर्चेको क्षेत्रहरु, मनोरञ्जन स्थलहरु, संचार

सेवा उपलब्ध हुने स्थल, कुनै पनि बस्तु वा यन्त्र उपकरणको मर्मत सम्भार तथा भण्डारण गरिएको स्थल, सरकारी सार्वजानिक वा निजी क्षेत्र समेतले सेवा प्रदान गर्न स्थापना गरेको कार्यालय तथा तिनले चर्चेको जग्गा,

द्रष्टव्य : भरतपुर महानगरपालिकाका अनुसूचि १ मा उल्लेखित प्रमुख सडक (महानगरीय सडक गुरु योजना वमोजिमका १६ मिटर र सो भन्दा वढी सडक अधिकार क्षेत्र भएका सडकहरु), अनुसूचि २ मा उल्लेखित वजार क्षेत्रहरु क श्रेणी (५१ भन्दा बढी व्यवसायीक कारोवार भएका बजार क्षेत्र), ख श्रेणी (२१ देखि ५० वटा सम्म व्यवसायीक कारोवार भएका बजार क्षेत्र) र ग श्रेणी (१० देखि २० वटा सम्म व्यवसायीक कारोवार भएका वजार क्षेत्र) ।

८. **आवासीय क्षेत्र**

- वडा नं १-५, ७-१२ मा व्यवसायिक क्षेत्र छोडेर वडा नं. १ को ठिमुरा क्षेत्र बाहेकको क्षेत्र
- वडा नं. १ को ठिमुरा क्षेत्र, वडा नं ६, १३-२९ सम्म व्यवसायिक क्षेत्र पछाडी सडक पुर्वाधार पुगेको अवस्थामा सडक अधिकार क्षेत्र छोडेर दायाँ बायाँ ३५ मि. सम्मको क्षेत्र
- कित्ताको क्षेत्रफल पाँच हजार वर्ग मिटर भन्दा बढी भएको कित्ता जग्गा भएता पनि पुर्वाधार पुगेको हाल आवासीय भवन निर्माण भइ बसोबास भइरहेको जग्गाको हकमा आवासीय घर, गोठ, टहरा, ग्यारेज, आँगन आदिले चर्चेको न्यूनतम सेटव्याक समेतको जग्गा

९. **कृषि क्षेत्र**

- अन्य उपयोग भएको क्षेत्रसंग जोडिएको भएता पनि कित्ताको क्षेत्रफल पाँच हजार वर्ग मिटर भन्दा बढी भई खेति गरिएको, खनजोत गरिएको वा बाँझो जग्गा
- एकै स्थानमा विभिन्न कित्ताहरू जोडिएर एक हेक्टर वा सो भन्दा बढी क्षेत्रफलमा खेति गरिएका, खनजोत गरिएका वा बाँझो खेतीयोग्य जग्गा
- कृषि क्षेत्रमा नयाँ सडक निर्माण गरिएमा उक्त सडक कृषि सडक हुनेछ र सडकको चौडाइ न्यूनतम ६ मिटर हुनेछ ।

१०. **नेपाल सरकारले तोकेका अन्य क्षेत्र**

- नेपाल सरकारले तोकेको अवस्थामा सोही अनुसार गर्ने (जस्तैः आर्मी व्यारेक, प्रहरी चौकी तथा प्रहरि तालिम केन्द्र ,सशस्त्र प्रहरि चौकी तथा सशस्त्र प्रहरि तालिम केन्द्र आदि)

**द्रष्टव्यः**

- वडा नं. १ - ५, ७ - १२ सम्मको व्यवसायीक र आवासीय क्षेत्रमा नयाँ बाटो खोल्दा बाटोको चौडाइ न्यूनतम ८ मिटर हुनुपर्ने साथै हाल सम्म कायम भइसकेका सडकहरुको हकमा साविककै मापदण्ड लागू हुनेछ ।
- वडा नं. ६, १३ - २९ सम्मको व्यवसायीक र आवासीय क्षेत्रमा नयाँ बाटो खोल्दा बाटोको चौडाइ न्यूनतम ८ मिटर हुनेछ साथै हाल सम्म कायम भइसकेका सडकहरुको हकमा थप बाटो लगतकट्टा गरी न्यूनतम ८ मिटर कायम गरिने छ ।

- व्यवसायीक क्षेत्रको हकमा एउटै कित्ता एक भन्दा वढी वर्गमा पर्न गएमा मापदण्डमा तोकिएको क्षेत्र भन्दा २० मि सम्म वढी भएमा अगाडिको क्षेत्रमा र सो भन्दा बढी वाँकी रहन गएमा कित्ता काट गरी त्यस पछिको हुने (आवासीय) क्षेत्रमा राख्ने ।
- आवासीय क्षेत्रको हकमा एउटै कित्ता एक भन्दा वढी वर्गमा पर्न गएमा मापदण्डमा तोकिएको क्षेत्र भन्दा २० मि सम्म वढी भएमा वा बाँकि रहने जग्गाको क्षेत्रफल ६७५ वर्ग मिटर भन्दा कम हुन जाने भएमा अगाडिको क्षेत्रमा र सो भन्दा बढी वाँकी रहन गएमा कित्ता काट गरी त्यस पछिको हुने (कृषि) क्षेत्रमा राख्ने
- वरिपरी अन्य उपयोग भई बिचमा एक हेक्टर भन्दा कमको टुक्रा बाँकि रहेमा सो क्षेत्रलाई वरपर जुन उपयोग छ सोहि उपयोगमा छुट्याउने
- माथि उल्लेखित बाहेक भूउपयोग नियमावली २०७९ ले तोके अनुरुप हुनेछ ।

## अनुसूची १

### १६ मिटर वा सो भन्दा माथिको सडक अधिकार क्षेत्र भएका सडकहरु

| क.स. | सडकको नाम | सडक अधिकार क्षेत्र (ROW) मि. | वडा नं |
|---|---|---|---|
| १ | रामनगर-ठिमुरा-देवघाट सडक | १६ | १ |
| २ | रामनगर-देवघाट सडक | १६ | १ |
| ३ | आपटारी - देवघाट सडक | ३० | १ |
| ४ | लिला चोक- गौरेस्वर मन्दिर हुदै राजमार्ग सम्म (दियालो रोड) | १६ | १ |
| ५ | लिला चोक बाट नारायणी किनार सम्म | १६ | १ |
| ६ | सहिद चोक बाट लिला चोक हुदै गणेश चोक सम्मको बाटो | १६ | २ |
| ७ | लायन्स चोक देखि नमस्ते चोक हुदै राजमार्ग सम्म (क्षेत्रपुर सडक) | १६ | २ |
| ८ | नहर क्रसिङ्ग-मिल्स एरिया- रामेश्वर मन्दिर हुदै बसेनी चोक सम्मको सडक | १६ | २ |
| ९ | लिला चोक देखि क्षेत्रपुर हुदै पुलिस तालिम केन्द्र (बाइपास रोड)सम्मको बाटो | १६ | २ |

| क्र.स. | सडकको नाम | सडक अधिकार क्षेत्र (ROW) मि. | वडा नं |
|---|---|---|---|
| १० | समी चोक बाट देवकोटा चोक हुदै बाइपास रोड सम्म | १६ | २ |
| ११ | राजमार्ग बाट लाइट हाउस-खिमलाल भण्डारीको घर हुदै नमस्ते चोक सम्म | १६ | २ |
| १२ | नमस्ते चोक बाट बालकुमारी चोक सम्म | १६ | २ |
| १३ | सहिद चोक-बेलचोक-धर्म चोक- याग्यपुरी चोक (रामपुर रोड ) सम्मको सडक | २४ | ३ |
| १४ | बेलचोक -बारघरे- रामघाट-शिबघाट - फुर्ति चोक- विजयनगर सडक | १८ | ३ |
| १५ | न्यु रोड | १६ | ३ |
| १६ | दुधपोखरी मार्ग | १६ | ३ |
| १७ | चौबिसकोठी-रामपुर- मेगौली- गोलाघट सडक | ३० | ४ |
| १८ | सहिद चोक-बेलचोक-धर्म चोक- याग्यपुरी चोक (रामपुर रोड ) सम्मको सडक | २४ | ४ |
| १९ | बेलचोक -बारघरे- रामघाट-शिबघाट - फुर्ति चोक- विजयनगर सडक | १८ | ४ |
| २० | बारघरे -धारापानी-चाडक्य चोक(रामपुर रोड) सम्म को बाटो | १६ | ४ |
| २१ | बैकुण्ठ चोक बाट धारापानी चोक सम्मको बाटो | १६ | ४ |
| २२ | त्रिचोक बाट धर्मचोक-बिशालचोक-जगन्नाथ चोक हुदै गर्गेस्वर मन्दिर सम्मको बाटो | १६ | ४ |
| २३ | रामघाट चोक बाट बिसाल चोक हुदै पंचरत्न चोक (रामपुर रोड) सम्मको बाटो | २४ | ४ |
| २४ | बर्मेली चोक बाट जानकी चोक सम्मको बाटो | १६ | ४ |

| क्र.स. | सडकको नाम | सडक अधिकार क्षेत्र (ROW) मि. | वडा नं |
|---|---|---|---|
| २५ | राधाकृष्ण चोक(शिवघाट) बाट जगन्नाथ चोक हुदै जानकी चोक (रामपुर रोड) सम्मको बाटो | २४ | ४ |
| २६ | त्रिचोक बाट कटहर चोक हुदै बुद्ध चोक सम्म | १६ | ४ |
| २७ | भरतपुर माडी ठोरी राजमार्ग | ३० | ५ |
| २८ | चौबिसकोठी-रामपुर-मेगौली-गोलाघाट रोड | ३० | ५ |
| २९ | रामघाट बाट -बिशालचोक-बर्मेली चोक हुदै रामपुर रोड सम्मको सडक | २४ | ५ |
| ३० | राधाकृष्ण चोक (शिवघाट) बाट जगन्नाथ चोक-जानकी चोक हुदै रामपुर रोड सम्मको बाटो | २४ | ५ |
| ३१ | विकास चोक- शान्ति चोक-हुदै ट्राफिक चोक सम्मको बाटो | १६ | ५ |
| ३२ | नारायणपुर् चोक बाट पश्चिम ओली चोक हुदै डी- चौतारा सम्मको बाटो | १६ | ५ |
| ३३ | टाइगर चोक-बुढाथोकी घोल हुदै नवदुर्गा चोक सम्म(वडा सिमानाको बाटो) को बाटो | १६ | ५ |
| ३४ | बुढाथोकी घोल देखि लट्टे चौतारा सम्मको बाटो | १६ | ५ |
| ३५ | प्रेमबस्ति चोक बाट ५ न. वडा कार्यालय -फुलबारी हुदै खगेरी नहर सम्मको बाटो | २४ | ५ |
| ३६ | सुन्दर चोक(रामपुर रोड) बाट दक्षिण सापकोटा चोक- छ मुखे चोक हुदै गीतानगर-शिवनगर रोड सम्मको बाटो | २४ | ५ |
| ३७ | बुद्ध चोक(माडी-ठोरी राजमार्ग) बाट डङ्ग चोक-हिम सार्कीको घर हुदै रोहिणी चोक(वार्ड सिमाना) सम्मको बाटो | २४ | ५ |
| ३८ | हेमे सार्कीको घर चोक बाट तोरीखेत स्कुल हुदै भद्रकुमारी स्कुल हुदै आफन्त नेपाल सम्मको बाटो | १६ | ५ |

| क.स. | सडकको नाम | सडक अधिकार क्षेत्र (ROW) मि. | वडा नं |
|---|---|---|---|
| ३९ | दर्शन चोक (रामपुर रोड) बाट उत्तर तर्फ गणेश अधिकारीको घर चोक सम्मको बाटो | १६ | ५ |
| ४० | ढुंगेचौतारा(रामपुर रोड) बाट उत्तर तर्फ आनन्द चोक सम्मको बाटो | १६ | ५ |
| ४१ | आनन्द चोक(रामपुर रोड) बाट उत्तर तर्फ नयन चोक सम्मको बाटो | १६ | ५ |
| ४२ | हेमे सार्कीको घर चोक बाट पश्चिम छ मुखे चोक १५ न. वडा सिमाना सम्मको बाटो | १६ | ५ |
| ४३ | भरतपुर माडी ठोरी राजमार्ग | ३० | ७ |
| ४४ | बुद्धचोक बाट हेल्थपोस्ट चोक हुदै गणेश मन्दिर चोक सम्मको बाटो | १६ | ७ |
| ४५ | गौरीगन्ज चोक बाट गणेश मन्दिर हुदै सुन्दरचोक/बंसी चोक (राजमार्ग) सम्मको बाटो | १६ | ७ |
| ४६ | श्रीराम चोक (त्रिचोक) बाट कटहर चोक हुदै बुद्ध चोकसम्मको बाटो | १६ | ७ |
| ४७ | विकास चोक बाट पूर्व डेरी चोक सम्मको बाटो | १६ | ७ |
| ४८ | प्रेम बस्ति स्कुल चोक बाट पूर्व तर्फ उज्वल टोल हुदै गोर्खाली चोक सम्मको बाटो | १६ | ७ |
| ४९ | प्रेमबस्ति चोक बाट पूर्व तर्फ गौरीगन्ज हेल्थपोस्ट चोक सम्मको बाटो | १६ | ७ |
| ५० | सिताराम चोक बाट पुर्ब तर्फ अक्कल धोज गुरुङको घर चोक सम्मको बाटो | १६ | ७ |
| ५१ | हाकिम चोक - धारे चोक-शान्ति चोक-मखन चोक-टाँडी चोक हुदै पाण्डे घुम्ती | १६ | ८ |

| क.स. | सडकको नाम | सडक अधिकार क्षेत्र (ROW) मि. | वडा नं |
|---|---|---|---|
| ५२ | बुद्ध चोक हेल्थपोस्ट चोक-गणेश मन्दिर चोक सम्म | १६ | ८ |
| ५३ | महेन्द्र राजमार्ग | ५० | ९ |
| ५४ | हुलाकी मार्ग बाट वडा ८ र ९ सिमाना (धारे चोक) | १६ | ९ |
| ५५ | लालीगुराँस चोक बाट बनदेवी जंगल सम्म को बाटो | २४ | ९ |
| ५६ | केन्द्रीय बसपार्क चोक बाट ९. न. वडा कार्यालय हुदै सितल चोक सम्मको बाटो | १६ | ९ |
| ५७ | तीनतले चोक-सितल चोक-धारे चोक-लालीगुराँस चोक | १६ | ९ |
| ५८ | महेन्द्र राजमार्ग | ५० | १० |
| ५९ | बाइपास रोड | ३० | १० |
| ६० | बिरेन्द्र क्याम्पस चोक बाट TCN चोक(बिसालचोक) सम्म | १६ | १० |
| ६१ | चौबिसकोठी चोक बाट मालपोत चोक सम्मको बाटो | १६ | १० |
| ६२ | नहर क्रसिङ्ग-मिल्स एरिया- रामेश्वर मन्दिर हुदै बसेनी चोक सम्मको सडक | १६ | १० |
| ६३ | लिला चोक देखि क्षेत्रपुर हुदै पुलिस तालिम केन्द्र (बाइपास रोड)सम्मको बाटो | १६ | १० |
| ६४ | राजमार्ग (CMC को दक्षिण तर्फ) चोक बाट शिखर चोक-भरतपुर अस्पताल हुदै आन्तरिक राजस्व कार्यालय चोक(बाइपास) सम्म | १६ | १० |
| ६५ | हाकिम चोक बाट नेपाल टेलिकमको कार्यालय हुदै भरतपुर अस्पताल सम्मको बाटो | १६ | १० |
| ६६ | दुरसंचार रोड (महेन्द्र राजमार्ग बाट बाइपास सम्म) | १६ | १० |
| ६७ | श्रीराम चोक (त्रिचोक) बाट कटहर चोक हुदै बुद्ध चोक सम्म | २० | १० |
| ६८ | केन्द्रिय बसपार्क-नवदुर्गा चोक-तीन तले चोक | १६ | १० |

| | | | |
|---|---|---|---|
| २७ | २५ नं. वडा अध्यक्ष | श्री छविलाल सापकोटा | |
| २८ | २६ नं. वडा अध्यक्ष | श्री ज्ञान प्रसाद खनाल | |
| २९ | २७ नं. वडा अध्यक्ष | श्री राम वहादुर भण्डारी | |
| ३० | २८ नं. वडा अध्यक्ष | श्री डण्डपाणि रिजाल | |
| ३१ | २९ नं. वडा अध्यक्ष | श्री सूर्य वहादुर गुरुङ्ग | |
| ३२ | नगर कार्यपालिका सदस्य | श्री सिर्जना अधिकारी | |
| ३३ | नगर कार्यपालिका सदस्य | श्री विष्णु वहादुर भुजेल | |
| ३४ | ११ नं. वडा सदस्य का.स.स. | श्री लाल माया लामा | |
| ३५ | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद पौडेल | |

आमन्त्रित / सदस्य

| | | | |
|---|---|---|---|
| १ | नगर कार्यपालिका सदस्य | श्री सुकमाया परियार | |
| २ | नगर कार्यपालिका सदस्य | श्री विना नेपाली | |
| ३ | नगर कार्यपालिका सदस्य | श्री शारदा पोखेल | |
| ४ | नगर कार्यपालिका सदस्य | श्री नर्वदा सापकोटा | |
| ५ | नगर कार्यपालिका सदस्य | श्री गोपाल दराई | |
| ६ | नगर कार्यपालिका सदस्य | श्री कोपिला उपरकोटी | |
| ७ | सामान्य प्रशासन महाशाखा प्रमुख | श्री उपेन्द्रराज पौड्याल | |
| ८ | आर्थिक विकास महाशाखा प्रमुख | श्री तेजेन्द्र प्रसाद पौडेल | |
| ९ | शैक्षिक प्रशासन महाशाखा प्रमुख | श्री शुवास चन्द्र आचार्य | |
| १० | स्वास्थ्य तथा सा.वि. महाशाखा प्रमुख | श्री शान्ता कुमारी पौडेल | |
| ११ | आर्थिक प्रशासन महाशाखा तथा राजश्व व्यवस्थापन महाशाखा प्रमुख | श्री जगन्नाथ अर्याल | |
| १२ | शहरी पूर्वाधार विकास महाशाखा प्रमुख | श्री सन्तोष आचार्य | |
| १३ | वातावरण तथा वि. महाशाखा प्रमुख | श्री विसुराम कुंवर | |
| १४ | नगर प्रहरी प्रमुख | श्री कृष्णहरि ढकाल | |
| १५ | भवन एवं भवन संहिता एवं निर्माण इजाजत शाखा | सुर्य प्रकाश लामा | |
| १६ | जनस्वास्थ्य शाखा | श्री दिपक सुवेदी | |
| १७ | विपद व्यवस्थापन शाखा | श्री [illegible] | |
| १८ | भूमि व्यवस्थापन शाखा | शिवहरि अधिकारी | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |

आज मिति २०८१ साल भाद्र १२ गते बुधवारका दिन बिहान ८:०० बजे भरतपुर महानगरपालिका भूउपयोग परिषद्को बैठक स्थानीय भूउपयोग परिषद्का अध्यक्ष श्री रेनु दाहालज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रेनु दाहाल | |
| २ | नगर उपप्रमुख | श्री चित्रसेन अधिकारी | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री केशव महर्जन | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री मनोज रानाभाट | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री विकास थापा | |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री ~~अर्पण पोखरेल~~ | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री युद्ध प्रसाद श्रेष्ठ | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री कृष्ण लाल श्रेष्ठ | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री राजेन्द्र मणि काफ्ले | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री जीवनाथ कंडेल | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री यमलाल कंडेल | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री परमेश्वर खनाल | |
| १३ | ११ नं. वडा अध्यक्ष | श्री कमल बहादुर मल्ल | |
| १४ | १२ नं. वडा अध्यक्ष | श्री लेख राज पन्त | |
| १५ | १३ नं. वडा अध्यक्ष | श्री प्रकाश दवाडी | |
| १६ | १४ नं. वडा अध्यक्ष | श्री राजेन्द्र साँखी | |
| १७ | १५ नं. वडा अध्यक्ष | श्री श्रीकृष्ण देवकोटा | |
| १८ | १६ नं. वडा अध्यक्ष | श्री अमृतराज हमाल | |
| १९ | १७ नं. वडा अध्यक्ष | श्री ~~ललित मान तमाङ~~ | |
| २० | १८ नं. वडा अध्यक्ष | श्री बाबुराम रानामगर | |
| २१ | १९ नं. वडा अध्यक्ष | श्री प्रकाश तमाङ्ग | |
| २२ | २० नं. वडा अध्यक्ष | श्री मुक्ति प्रसाद घले | |
| २३ | २१ नं. वडा अध्यक्ष | श्री कृष्ण कुमार गुरुङ्ग | |
| २४ | २२ नं. वडा अध्यक्ष | श्री विष्णु राज मैनाली | |
| २५ | २३ नं. वडा अध्यक्ष | श्री दिपक दवाडी | |
| २६ | २४ नं. वडा अध्यक्ष | श्री राम बहादुर गोदार | |

| क्र.स. | सडकको नाम | सडक अधिकार क्षेत्र (ROW) मि. | वडा नं |
|---|---|---|---|
| ६९ | बाइपास रोड | ३० | ११ |
| ७० | बिशाल चोक -गाइखर्क रोड | १६ | ११ |
| ७१ | बसेनी बजार -गोर्खाली चोक -लामा टोल हुदै जंगलसम्म | १६ | ११ |
| ७२ | पूर्व पश्चिम राजमार्ग | ५० | १२ |
| ७३ | बाईपास रोड | ३० | १२ |

## अनुसुची २

### क, ख र ग श्रेणीका बजार केन्द्रहरु

१. क श्रेणीका (५१ भन्दा बढी व्यवसायिक कारोबार/ पसल भएका) बजार केन्द्रहरु

| क्र.सं | बजार केन्द्रको नाम | वडा नं | व्यवसायिक कारोबार/ पसल संख्या |
|---|---|---|---|
| १ | चोक बजार | ६ | ५२ |
| २ | बिपी चोक | ६ | ५१ |
| ३ | शिव नगर चोक | १४ | ६० |
| ४ | पकडी बजार | १४ | ५५ |
| ५ | मंगलपुर बजार | १५ | ५५ |
| ६ | फुर्ति चोक | १६ | १०० |
| ७ | रामपुर बजार | १७ | ७५ |
| ८ | शारदा नगर चोक | १७ | ६० |
| ९ | चनौली बजार | २० | १०० |
| १० | पार्वतीपुर् बजार | २१ | ६० |
| ११ | कसरा चोक | २३ | २०० |
| १२ | ७ नं चोक | २३ | ६० |
| १३ | स्कुल चोक (लक्ष्मी स्कुल) | २३ | ६० |
| १४ | कृष्ण चोक | २३ | ५५ |
| १५ | ध्रुब चोक | २४ | ५२ |
| १६ | अमृत चोक | २५ | ६० |

२८ मि

| | | | |
|---|---|---|---|
| १७ | प्रभात चोक | २५ | ५५ |
| १८ | डेरी चोक (ज्योति नगर) | २६ | ५५ |
| १९ | पर्साढाप बजार | २७ | ७० |
| २० | तेलौली बजार | २७ | ५९ |

२. ख श्रेणीका (२१ देखि ५० सम्म व्यवसायिक कारोबार/ पसल भएका) बजार केन्द्रहरु

| क.सं | बजार केन्द्रको नाम | वडा नं | व्यवसायिक कारोबार/ पसल संख्या |
|---|---|---|---|
| १ | पुल्चोक | ६ | २५ |
| २ | उज्जवल चोक | १३ | २२ |
| ३ | पुल्चोक | १४ | ३० |
| ४ | बरौंजी चोक | १४ | ३० |
| ५ | बरको बोट चोक | १४ | २८ |
| ६ | कल्याणपुर चोक | १५ | २२ |
| ७ | फुलबारी चोक | १५ | २२ |
| ८ | झन्झने चोक | १६ | २५ |
| ९ | ठुलो गढी चोक | १६ | २२ |
| १० | नारायणी चोक | १७ | २५ |
| ११ | हरिया चोक (थारु गाउँ) | १७ | २३ |
| १२ | सौगात चोक | १७ | २३ |
| १३ | डेरी चोक | १७ | २२ |
| १४ | स्कुल चोक | १७ | २२ |
| १५ | मिलन चोक | १८ | ३० |
| १६ | रामपुर बजार | १९ | ३५ |
| १७ | शारदा नगर टाउन चोक | १९ | ३२ |
| १८ | कृष्ण चोक | २१ | ३० |
| १९ | घटगाई बजार | २२ | ३० |
| २० | नया बस्ति चोक | २३ | २५ |
| २१ | मेघौली बजार | २७ | ३७ |
| २२ | जितपुर बजार | २८ | २८ |
| २३ | दास ढुंगा | २९ | ३७ |
| | | | |

२८ मि

३. ग श्रेणीका (१० देखि २० सम्म व्यवसायिक कारोबार/ पसल भएका) बजार केन्द्रहरु

| क.सं | बजार केन्द्रको नाम | वडा नं | व्यवसायिक कारोबार/ पसल संख्या |
|---|---|---|---|
| १ | पुल्लर चोक | ६ | ११ |
| २ | पाण्डे घुम्ती | ६ | ११ |
| ३ | गणेश चोक | ६ | १० |
| ४ | ब्रह्मदेव चोक | ६ | १० |
| ५ | अन्नपुर्ण चोक | ६ | १० |
| ६ | सिमलघारी | १३ | १८ |
| ७ | हनुमान नगर | १४ | १७ |
| ८ | सुन्दर बस्ति | १४ | १२ |
| ९ | गोपाल चोक | १५ | १५ |
| १० | महेन्द्र चोक | १५ | १५ |
| ११ | माईली चोक | १५ | १० |
| १२ | कान्छी चोक | १५ | १० |
| १३ | देवी चोक | १५ | १० |
| १४ | घुम्ती चोक | १६ | १५ |
| १५ | छहारी चोक | १६ | १५ |
| १६ | गाबिस चोक | १६ | १२ |
| १७ | टुहुरे चोक | १६ | १२ |
| १८ | मिलिजुली चोक | १६ | १० |
| १९ | बखान चोक | १७ | १५ |
| २० | मिलन चोक | १७ | १५ |
| २१ | लाहुरे चोक | १८ | १० |
| २२ | किरण गन्ज चोक | १९ | १८ |
| २३ | बखान चोक | १९ | १५ |
| २४ | हेल्थपोस्ट चोक | १९ | १५ |
| २५ | धर्मोदय चोक | १९ | १३ |
| २६ | कालिका चोक | २० | १२ |
| २७ | सुन्दर चोक | २१ | १४ |
| २८ | सुभकामना चोक | २१ | १३ |
| २९ | ७ नं चोक | २१ | १२ |
| ३० | संबिधान चोक | २१ | १२ |
| ३१ | टाउन चोक (बिरेन्द्रनगर) | २२ | १८ |

| क्र.सं | बजार केन्द्रको नाम | वडा नं | व्यवसायिक कारोबार/ पसल संख्या |
|---|---|---|---|
| ३२ | बनकट्टा चोक | २२ | १६ |
| ३३ | ७ नं बजार | २२ | १४ |
| ३४ | धनौजी चोक /बजार | २२ | १० |
| ३५ | पर्सा चोक | २२ | १० |
| ३६ | सरस्वती चोक | २३ | १० |
| ३७ | शिवालय चोक | २५ | २० |
| ३८ | विशाल चोक | २५ | १८ |
| ३९ | नमुना चोक | २५ | १५ |
| ४० | काभ्रे चोक | २५ | १२ |
| ४१ | शान्ति निम चोक | २५ | ११ |
| ४२ | छाता चोक | २५ | १० |
| ४३ | शुक्र चोक | २५ | १० |
| ४४ | सुबिधा चोक | २९ | १५ |
| ४५ | माथिल्लो देवी टार | २९ | १५ |
| ४६ | तल्लो देवी टार | २९ | १५ |
| ४७ | जुगेडी चोक | २९ | १० |

**निर्णय नं. २**

माथि निर्णय नं. १ मा निर्णय भए बमोजिमको स्वीकृत भूउपयोग क्षेत्र वर्गीकरणको आधार तथा मापदण्ड र भूउयोग क्षेत्र वर्गीकरण नक्सा सर्व साधारणको जानकारीको लागि महानगरको वेव साइट र सूचना पाटि मार्फत् सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

स्वीकृत भूउपयोग क्षेत्र वर्गीकरण नक्साको आधारमा वर्गीकृत भूउपयोग क्षेत्र उल्लेख गरी कित्तागत विवरण तयार गर्न नापि विभागलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

भूउपयोग नियमावली २०७९ को नियम ५ को उपनियम (५) मा उल्लेख भए बमोजिम यस महानगरपालिकाको स्थानीय भूउपयोग परिषद्ले आफ्नो क्षेत्र भित्रको भूउपयोग क्षेत्र वर्गीकरण गर्ने आधार तथा मापदण्ड निर्धारण गरी सो को आधारमा भूउपयोग क्षेत्र वर्गीकरण नक्सा तयार गरी स्वीकृत गरिएकोले उक्त भूउपयोग क्षेत्र वर्गीकरण गर्ने आधार तथा मापदण्ड र भूउपयोग क्षेत्र वर्गीकरण नक्सा नापि विभाग, प्रदेश भूउपयोग परिषद् र संघीय भूउपयोग परिषद्मा पठाउने निर्णय गरियो ।